यात्रा लाङटाङको

सुवास 'आयमन'

लाङटाङको मृत्यु संस्कार रोचक छ । मानिसको मृत्युपश्चात लामाले मृतकको जोखाना हेरेर गाड्ने, जलाउने, काटेर गिद्धलाई खुवाउने वा ओडारमा राख्ने छुट्याउँदछन् । अहिले पनि ओडारमा प्रशस्त लासहरु देख्न सकिन्छ । र, गिद्धलाई खुवाउने परम्परापूर्ण अन्त्य भइसक्यो ।

समय र आर्थिक स्रोतले साथ दिए, पदयात्रा कसैको सौखको विषयभन्दा टाढाको कुरा होइन । उच्चशिक्षा अध्ययन गर्ने बहानामा राजधानी छिरेको यस पंक्तिकार करिब आठ/नौ वर्षको सहरपरस्त जीवन र नेपालको संक्रमणकालीन राज(नीतिको दलदलमा दिनहरू बिताउनु कताकता पट्यारलाग्दो बन्दै गइरहेको थियो । लाङटाङको पदयात्रा पंक्तिकारको शौखको विषय बनेको थियो । लाङटाङ काठमाडौंबाट उत्तर तिब्बती सिमानामा अवस्थित नेपालको एक परिचित पदयात्रा गन्तव्य हो । २०६६ चैतको पहिलो साता नेपालको राजनीति चरम विन्दुमा पुगिरहेको थियो र नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रमुख भूमिका निर्वाह गरेका नेपाली कांग्रेसका आदरणीय गिरिजाबाबुको ७ गते भएको निधनले देशभरनै सन्नाटा र शोकको माहौल थियो । पूर्वयोजनाअुनरूप लाङटाङका दाजु डा. मिप्साङ लामाको फोन आयो । 'सुवासजी हामी ९ गते लाङटाङ जाने भयौ तपाईको विचार के छ, समयअनुकूल छ छैन ?' आफ्ना अन्य महत्वपूर्ण कामलाई पछि सारेर लाङटाङ यात्रामा जाने निर्णय गरैं । तीव्र ध्रुवीकृत नेपालको राजनीति र समयमा संविधान लेख्न नसकिने अवस्थाबोध र शान्तिप्रक्रिया तार्किक निष्कर्षमा नपुग्ने परिस्थितिको विकास भइरहेको सन्दर्भमा तत्कालीन नेपाली राजनीतिको मियो मानिएका गिरिजाप्रसाद कोइरालाको निधनपछि विकसित हुने नेपालका राजनैतिक स्वरूपको परिवर्तन नियाल्न मन हुँदाहुँदै पनि लाङटाङ यात्राको यो सुवर्ण अवसरलाई मैले गुमाउन चाहिनँ । सहर बसाइँको यान्त्रिक जीवनशैलीको लामो थकान र प्राकृतिक सुन्दरतामा रमाउने तीव्र चाहनाले लाङ्लाङ पदयात्राको तयारीमा जुटें ।

रिन्चेभन्दा केहीमाथि घोडा तबेलका छेउछाउमा ढकमक्क फुलेका बहुरंगी गुँरासले हामीलाई चुनौती दिइरहेको भान भइरहेको थियो । सेतो गुराँस र रातो गुराँसको रूख सँगसँगै र बेजोडले फुलेका मैले आफूलाई सम्हाल्नै सकिनँ र केही गुराँसका थुँगा टिपें, फोटो खिँचें र खाँदै हिडें । घोडा तबेलाको होटलमा पुगेर केही समय विश्राम लिँदै गर्दा मैले शरीरलाई सन्तुलनमा राख्न सकिनँ र चार घन्टा अर्धचेत हुन पुगेछु । जंगलमा फुलेका गुराँस यति धेरै विशालु हुन्छन् भन्ने मेरो अनुमान नै थिएन । त्यति सुन्दर फूलमा यति कडा विष, म छक्क परें ।

१३ गते १ बजेको समयमा लाङटाङ गाउँ पुगियो । लाङटाङ गाउँको शाब्दिक व्याख्या गर्नु अन्याय हुन्छ । मैले त्यो सामर्थ्य राखिनँ । लाङ्टाङ स्वर्गको एउटा टुक्राजस्तो देखें । काठमाडौंबाट अलि कस्सिएर हिँडेमा २/३ दिनममै सजिलै पुग्न सकिने रहेछ, लाङ्टाङ ।

लाङटाङ र मैले बुझेको नेपालमा धेरैनै फरक पाएँ । लाङटाङ एउटा पवित्र भूमि हो । जहाँ कुनै पनि प्राणीको बध गरिँदैन । हिमपात हुने समयभन्दा अरू समय चौपाया पशु (घोडा, चौरी)लाई बाँधेर पालिँदैन खुल्ला जंगलमा छोडिन्छ । समयसमयमा जंगलमा नुन खुवाउने तर घरमा नबाँध्ने चलन । लाङटाङमा पशु यति धेरै स्वतन्त्र छन् मैले यति सचेत युवा भएर राजधानीमा हुने आमहड्ताल र बनदलाई सम्झिए । मैले पशुभन्दा आफू बढी बाँधिएको पाएँ ।

'हेर न सामान ढुसवानी गर्नुपर्‍यो भनेर घोडा खोजेर बानेर राखेकोको अर्कैले चढेर हिँडेछ', मिप्साङ दाइले यो भन्नु हुँदा मैले राजधानीमा हुने मोटरसाइकल चोरीलाई सम्झिएँ । लाङटाङमा केही चिज पनि चोरी हुँदैन । कोहीलाई कतै जान पर्‍यो । यो आफ्नो यो अर्काको भन्ने निकृष्ट चिन्त(नभन्दा माथि उठेर लाङटाङका युवा जंगलमा चरिरहेका घोडा निर्बाध प्रयोग गर्दछन् । लाङटाङको घोडाजस्तै काठमाडौंमा मोटरसाइकल प्रयोग गर्न पाए । जंगलमा निर्बाध स्वतन्त्र चरिरहेका रंगीविरंगी घोडाहरू मलाई राजधानीमा गुड्ने विभिन्न ब्रान्डका मोटबाइकजस्तै लाग्यो । तिमीहरूलाई म घोडा सिकाउँछु अनि घोडा चडेर केन्जीङ जाऔला । मिप्साङ दाइले यसो भन्दा मलाई कहिले भोलि होला र घोडा चडौला जस्तो भएको थियो । दाइको २० वटा घोडाहरू जंगलमा चरिरहेका छन् । दैनिक प्रयोगनका लागि ४ घोडाहरू घरमै रहेछन् । सबैभन्दा ज्ञानी घोडा यो हो ल चढ त दाइले मलाई घोडा चढ्न संकेत गर्नुभयो । नाम पो ज्ञानी आखिर पशु नै त हो नी सचेत हुँदै म चडे । पाँच सात जना स्थानीय दाजुहरू हेर्दै हुनुहुन्थ्यो । घोडामा शरीर सन्तुलन राख्न गाह्रो हुँदो रहेछ । केही समय सिकेपछि घोडा चडेर केन्जीङ जाने आश मैले मारेँ । सबैले सोधेँ- कस्तो लाग्यो । बाइकजस्तै हो । के फरक छ र होयन । उस्तैउस्तै नै हो भन्दै मैले थपेँ- हेलमेट र लेगगार्ड घोडामा पनि फिट गर्नु राम्रो हुन्छ । बाइक सधैं आफ्नो नियन्त्रणमा हुन्छ । बाइकलाई रिस उठ्दैन तर घोडाको पूर्ण नियन्त्रण आफुसँग नहुने भन्ने बितिकै सबै दाजुहरू खित्का छोडेर हाँस्नु भयो ।

लाङटाङमा पशुहरू हाम्रो भाषा बुझ्दैन । त्यस्तै केही आवाजले संकेत गरेर मिप्साङ दाइले घोडालाई घाँसपानी खान संकेत गर्नभुयो । निर्बाध सानोभन्दा सानो घरायसी काममा सघाइरहेका दाइलाई देखेर मैले आडम्बर र घमण्डमा पौडिरहेको युवा मस्तिष्कलाई सम्झिएँ । उहाँ मध्यमाञ्चलको कम साक्षरता प्रशित भएको जिल्ला हो । केही वर्षअघिसम्म रसुवामा औलामा गन्न सकिने स्नातक थिए । अझ मगाले समुदायको शैक्षिक अवस्था कमजोर छ । रसुवाको लाङटाङमा मंगोल समुदाय जन्मिमएर एमबीबीएस को अध्ययन ज्यादैनै भाग्य र चुनौतीको कुरा थियो । डा. मिप्साङ रसुवाका एकमात्र मंगोल डाक्टर हुन् । दाइ घरमा पुग्ने बित्तिकैस्थानीय सबै उपचारका लागि आउँदा रहेछन् । स्थेथेस्कोप घाटीमा भिरेर घरघर चहार्नु दाइको दैनिकी । बाँकी समय घोडालाई दानापानी, दाउरा संकलन । दाइको यो व्यवहारले मलाई धेरै कर्तव्यबोध हुन सिकायो । मिप्साङ दाइको कामप्रतिको इमान्दार क्रियाशीलताको एउटै मात्र सन्देश थियो । कुनैपनि काम सानो हुँदैन र कुनै कामले मानिसलाई सानो बनाउँदैन । दाइले घोडालाई घाँस हाल्दै गर्दा मैले खाना बरू म बनाउँछु भाङाचै तै माफ्न भनेर मैले मेरो भाइलाई भनेका घटनाहरूलाई सम्झिए ।

१४ गते बिहान लाङटाङबाट केन्जिङतिर लागियो । करिब ३ घन्टाको पैदल यात्रामा लाङटाङबाट केन्जिङ पुगिन्छ । बाटामा आदरणीय बुबा ठिले लामाले लाङटाङ उत्पत्तिसँग जोडिएका विभिन्न ऐतिहासिक किंवदन्ती, कथा र स्थानहरूको परिचय गराउनु भयो । ठिले लामा लाङटाङको ब्राण्ड नेम हो । साँस्कृतिक, धार्मिक रूपमा प्रमुख मुखिया खानदान अझ लाङटाङको बस्ती विकास र उत्पत्ति नै उहाँहरूको परिवारसँग जोडिएको छ । लाङटाङ एउटा गाविस हो । यहाँको जनसंख्या जम्मा ६ सय मात्र छ । संविधानसभाको चुनावमा सबै गाउँलले पार्टीहरूलाई बराबरी मिलाएर भोट हालेको प्रसंग सुनाउनुभयो । वर्षमा करिब दस हजार का हाराहारीमा पर्यटकहरू लाङटाङ घुम्न जान्छन् । यहाँ सञ्चार यातायात, स्वास्थ्यको विकास गर्न सके यो क्षेत्रले बोकेका अपार सम्पादको प्रचुर उपयोग र फाइदा लिन सकिनेछ । सामुदायिक रेडियो, इन्टरनेट र फोन सेवा यो क्षेत्रको विकासमा कायापलट नै ल्याउन सक्दछ ।

लाङटाङमा आफ्नै रीतिरिवाज र संस्कार छन् । केन्जिङमा रहेको केन्जिङ गुम्बाले लाङटाङवासीको जीवनमा धेरै महत्व राख्दछ । धेरै परम्परागत रीतिरिवाजहरू समयअनुरूप जीवनशैलीमा आएको परिवर्तनसँसँगै लोप र लोपोन्मुख अवस्थामा रहेका छन् । लाङटाङको संस्कृति तिब्बती संस्कृति हो । लाङटाङको मृत्यु संस्कार रोचक छ । मानिसको मृत्युपश्चात लामाले मृतकको जोखाना हेरेर गाडने, जलाउने, काटेर गिद्धलाई खुवाउने वा ओडारमा राख्ने छुट्याउँदछन् । अहिले पनि ओडारमा प्रशस्त लाश देख्न सकिन्छ । र, गिद्धलाई खुवाउने परम्पराको चाहिँ अन्त्य भइसक्यो ।

ठिले लामा

लाङटाङ क्षेत्रमा फुलेको गुराँस

परम्परागत ओढारमा राखिएको लाशको अस्थिपञ्जर

डा. मिप्साङ लामा

The First Real-Estate Magazine
वर्ष १, अंक ७, जेठ-२०६७

HOME LAND MAGAZINE

होम ल्याण्ड

राष्ट्रिय मासिक

घरको इन्स्योरेन्स

उपत्यकामा बिस्तारै अपार्टमेन्ट संस्कृतिको विस्तार हुँदै गइरहेको छ। बहुतले भवनमा रहेका दर्जनौ फल्याटको इन्स्योरेन्स गरिएको छैन भने दुर्भाग्यवश कुनैपनि दुर्घटनाले उब्जाएको क्षतिपूर्ति गर्न ज्यादै अप्ठ्यारो पर्दछ ।

मूल्य: रु. ३०, भा.रु. २५, $ 2, Riyal 5

हेर्दा आकर्षक फिनिसिङ्गका कारणले पनि चाइनिज फर्निचरको बजार बढ्दै गएको छ ।

२४मा

'साना आँधिबेहरीमा डराउने मान्छे परेनौं'

१५मा

इन्द्रबहादुर तामाङको जीवनमा आएको परिवर्तनले संसारभरका सञ्चारमाध्यममा स्थान पाइरहेको छ ।

२५मा

होम ल्याण्ड
HOMELAND NATIONAL MAGAZINE
Regd. No. 45/066/67
वर्ष १ अंक ७ जेठ २०६७

प्रकाशक : मधुकुमार श्रेष्ठ
प्रधान सम्पादक : प्रकाश अधिकारी
सम्पादन मण्डल : सुवास आचार्य/प्रवीण पोखरेल
बजार व्यवस्थापन : सरोज खनाल
तस्विर संयोजन : प्रकाश तिमिल्सेना
कानुनी सल्लाहकार : निर्भयराज पौडेल
साजसज्जा परिकल्पनाकार : सुकदेव राई
मुद्रण : पारु अफसेट प्रेस, डिल्लीबजार

सम्पर्क :
होम ल्याण्ड मासिक
पोष्ट बक्स नं. ८९७५ इपिसी ५७०५
सानेपा, ललितपुर
फोन नं. : ०१-५५५१००२
ईमेल : homelandmagazine@gmail.com

सहमतिको विकल्प सहमति

जेठ १४ पछि के होला ? सर्वत्र चासोको विषय बनेको छ । लाखौं जनता र सशस्त्र द्वन्द्वमा रहेको माओवादीको अनवरत् १९ दिने २०६२/६३ को आमहड्ता(लपश्चात विकसित राजनीतिक घटनाक्रमले नेपालमा थुप्रै राजनैतिक प्रगति हासिल भएका छन् । २ सय ३८ वर्षको वंशाणुगत् राजतन्त्रको पूर्ण अन्त्य भई नेपाल संघीय लोकतान्त्रिक गणतान्त्र राज्य बन्न पुग्यो । केन्द्रीकृत एकात्मक शासकीय प्रणालीको अन्त्य भई समावेशी संघीय प्रणालीमा अबका भावी नेपालको रूपरेखा कोरिनेछ । हिन्दु राष्ट्रको नामले परिचित नेपाल धर्मनिरपेक्ष राज्य घोषणा भयो ।

तर, कागजी परिवर्तनले संस्थागत रूप लिने समयमा एकअर्कालाई विश्वास नगर्दा उत्पन्न वर्तमान राजनीतिक अन्यौलताले नेपाली जनतालाई रूमल्याएको छ । दुई वर्षभित्र संविधान बनाउने जनादेश नेपाली जनताले दिएको कुरालाई भुलेर सरकारको गणितीय जोडघटाउमा मात्र लागि पर्दा नेपालको शान्तिको स्थायित्व र संविधान लेख्नको प्रक्रिया असम्भव भएको छ । र, दलहरू अब फेरि संविधानसभाको म्याद थप्ने संवैधानिक प्रक्रियामा लागि परेका छन् । समय रहँदासम्म एकअर्कालाई आरोप र सत्तोसरापमा समय कटाउने र समय खड्किएपछि 'जब पऱ्यो राति तब बुढी ताती' भन्ने संस्कारको विकासले दलहरूप्रति जनताको विश्वासको हुरी अझ बढ्दैछ । माधव नेपाल सरकारको गठनका घडीदेखि विरोधमा उत्रिएका माओवादीले माधव नेपाल सरकारको राजीनामा नभएसम्म सहमति नहुने बताइरहेको छ । माधव सरकार माओवादीलाई विगतका सम्झौता कार्यान्वयन नभए राजीनामा नहुने देखिएको छ । जुधाको लडाईँमा जनताको बलिदानको अवमूल्यन र व्यवस्था भएपछि उत्पन्न हुने परिस्थितिप्रति दलहरूनै जिम्मेवार ठहर्द छन् । जेठ १४ मा संविधान जारी नभएमा ०६२/६३ मा आफूबाट गल्ती भएको र आइन्दा त्यसो नहुने भन्दै दलहरूले जनतालाई गरेको वाचाको ठाडो उल्लंघन हुनेछ । जेठ १४ मा संविधान जारी नहुने पक्का भएपछि माओवादीलाई मिलाएर संविधानसभाको म्याद थप्नुको विकल्प छैन । नयाँ जनादेशमा जाने सवाल प्रजातान्त्रिक पद्दतिको अभ्यासको सुन्दर पक्ष रहँदारहँदै पनि नेपालको सामाजिक, आर्थिक अवस्थाका कारण त्यो बाटो हितकर हुने देखिादैन ।

लामो समयसम्म राज्यलाई अनिर्णयको बन्दी बनाइरहँदा नेपालको वर्तमानलाई सरसर्ती हेर्ने हो भने पनि भइरहेको स्वदेशी/विदेशी चलखेलले अन्ततः गृहयुद्ध निम्तने खबर बढिरहेको छ । नेपालको दुर्दशा/बर्बादी र अस्तव्यस्तताले कसैलाई हुन्छ र दुखाउँछ भने नेपालीलाई मात्र दुखाउँछ । आफ्नो घरको समस्या छिमेकी थुपारेर चर्काउनुभन्दा ढोका थुनेर आफै मिलाउनुले विश्वलाई नेपालीको योग्यता र क्षमता प्रदर्शन गर्ने सुवर्ण अवसर पनि हो । प्रजातन्त्र अभ्यासका नाममा लामो समयसम्म नेपालमा धमिलो पानीमा माछा मार्ने काम मात्र भयो । राज्य राज्यको ढाँचामा चलनेभन्दा पनि गैरसरकारी संस्थाको संरचना र शैलीमा चल्न थाल्यो । अहिले हामी नेपाली हाम्रो सार्वभौम, अखण्डता र स्वाधीनताको सवालमा विदेशी प्रभुको दास बनिरहनु विवश नै विगतमा प्रजातन्त्रका नाममा गरिएका गलत अभ्यासको प्रतिफल हो भन्ने तीतो यथार्थलाई भुल्नु हुँदैन ।

राजनीतिबाट अछुतो जो विकसित दुनियाँमा समेत नभएको सनदर्भमा नेपालजस्तो विकासोन्मुख देशमा हुने सवाल रहँदैन । नेपाल अहिले आर्थिक रूपमा टाट अवस्थामा रहेको छ । पानी, रोडा र बालुवा नेपाल निर्यात गर्ने र नुनदेखि सुनसम्म विदेशबाट आयात गर्ने अवस्थाको अर्थतन्त्रमा सुधार नआएसम्म नेपालले आफ्नो स्वाधीनकताको रक्षा गर्न कम चुनौती खेप्नु पर्दैन । अहिले मूलतः नेपालमा फस्टाएको क्षेत्रको रूपमा रियलस्टेट देखिएको छ । एकपछि अर्को रूपमा रियलस्टेटमा आक्रमण भइरहेको सन्दर्भमा समयमा संविधान नबनेर उत्पन्न हुने अस्थिरताको मार रियलस्टेट क्षेत्रमा पमुखताका साथ पर्ने प्रस्ट छ । यस परिवेशमा राजनीतिक स्वार्थभन्दा माथि उठेर बहुजन हिताय, बहुजन सुखायको मार्गमा दलहरू हिँड्नु नै जनअकांक्षा र दायित्व हो । प्रजातन्त्रको विकल्प प्रजातन्त्रनै रहेजस्तै अबको परिस्थितिमा सहमतिको विकल्प सहमतिनै भन्ने कुरालाई बुझेर चल्नुले नयाँ नेपालको सुनौलो बिहानीको ढोका ढक्ढक्याउनेछ ।